जिल्ला प्रशासन कार्यालय, काठमाडौं

इजलाश

प्रमुख जिल्ला अधिकारी एकनारायण अर्याल

**फैसला**

सम्बत् २०७१/०७२ सालको स.वा.फौ.मि.नं.१८/६२ (हातहतियार)

दर्ता मिति :– २०७०/०१/१०

मुद्दा :– **हातहतियार खरखजाना** ।

निर्णय नं.१७५५ , मिति :– २०७१/१०/२६

| **वादी** | **प्रतिवादी** |
| --- | --- |
| प्रहरी प्रतिवेदनले<br>**नेपाल सरकार**.....१<br>निजको प्रमाण....................<br>साक्षी :प्रतिवेदकहरु दिपक थापा, नवराज फुयाँल<br>कागज...×.... | सोमारसिंह घिसिङ्गको छोरा जि. काठमाण्डौं, सुनटोल गा.वि.स. वडा नं. ८ बस्ने वर्ष ४८ को **सुकमान घिसिङ्ग**.................. १<br>निजको प्रमाण ....×..... |

**हातहतियार खरखजाना ऐन, २०१९ को दफा २४(१) ले यसै कार्यालयको क्षेत्राधिकारभित्र पर्ने भई पेश हुन आएको प्रस्तुत मुद्दाको संक्षिप्त विवरण र ठहर यस प्रकार छ :–**

१. काठमाडौं जिल्ला, सुनटोल गा.वि.स.वडा नं ८ स्थित फेदी जङ्गलको कटुसको रुखसँगै भिरालो जमिनमा रातो रगत जस्तो पदार्थ लागि सुकेको, उक्त रगत जस्तो पदार्थ भएको स्थानदेखि २० मिटर दक्षिणतर्फ उन्यूको झाडीमा काठ र फलामले बनेको बटको लम्बाई १ फिट, टेगर देखि नोजल सम्म ३ फिट ५ ईन्च गरी ४ फिट ५ ईन्च लम्बाई भएको भरुवा बन्दुक १ थान फेला परी प्रहरीले उठाई लगेको, उक्त स्थानमा मिति २०६९।१२।१२ गतेको विहान अं ०९:३० बजेको समयमा सुकमान घिसिङ्गले आफ्नो छोरा सूर्य घिसिङ्गलाई भरुवा बन्दुकले हानी घाईते बनाएको भन्ने समेत व्यहोराको घटनास्थल प्रकृति मुचुल्का ।

२. मिति २०६९।१२।१२ गते विहान अं ०९:३० बजेको समयमा काठमाण्डौं जिल्ला, सुनटोल-८ स्थित फेदी जङ्गलमा प्रतिवादी सुकमान घिसिङ्गले भरुवा बन्दुकले सूर्य घिसिङ्गलाई हानी घाईते बनाएको घटना सम्बन्धमा घटनास्थलमा काठ र फलामले बनेको ४ फिट ५ ईन्च लम्बाई भएको भरुवा बन्दुक १

थान फेला परेका हुँदा कानूनी कारवाहीको लागि भरुवा बन्दुक दाखिला गरेको भन्ने समेत व्यहोराको प्रहरी प्रतिवेदन ।

३. मेरो ससुरा सुकमान घिसिङ्गले म र मेरो श्रीमान् सूर्य घिसिङ्गलाई अपशव्द बोली आरोप- प्रत्यारोप लगाई गोली हानी मार्छु भनी भरुवा बन्दुक ताकी डरत्रास देखाउने गरेकोले सहँदै आएको थियो । यस्तैमा मिति २०६९।१२।१२ गते विहान मादक पदार्थ सेवन गरेर *सूर्यलाई गोली हानेर मारिन्छ* भन्दै आई मेरो पति सूर्य घिसिङ्गलाई प्रतिवादी सुकमान घिसिङ्गले ज्यान मार्ने मनसायले घर नजिकैको का.जि.सुनटोल-८ स्थित जङ्गलमा लगी भरुवा बन्दुकले हानी रगतपिच्छे बनाई ज्यान मार्न खोजेको हुँदा निजलाई पक्राउ गरी कारवाही गरी पाऊँ भन्ने समेत व्यहोराको रमिला घिसिङ्गको जाहेरी दरखास्त ।

४. घाईते सूर्य बहादुर घिसिङ्गको शरीरको दाहिने तिघ्रा, पेट, छाति र दाहिने हातको नाडीमा घाउ चोटपटक रहेको देखिएको भन्ने समेत व्यहोराको घाउ जाँच केस फाराम रिपोर्ट ।

५. प्रतिवादी सुकमान घिसिङ्गलाई खोजतलास गर्ने क्रममा मिति २०६९।१२।१४ गतेका दिन अं १७:३० बजेको समयमा का.जि.साँखु बसपार्कमा हिँडिरहेको अवस्थामा फेला पारी पक्राउ गरिएको भन्ने समेत व्यहोराको प्रहरी प्रतिवेदन ।

६. म करिब १० वर्ष पहिला बुवा आमाबाट भिन्न बसी आफ्नो सुखदुःख गर्ने गरेको थिएँ । घरायसी विषयमा बुवाआमा लगायतको झै-झगडा हुँदा मैले सम्झाउने गरेको थिएँ । मेरो जेठी श्रीमतीले पनि म सँग नै झगडा गर्ने भएकाले करिब २ वर्ष अगाडि जाहेरवाला रमिला घिसिङ्गसँग दोस्रो विवाह गरेका थिएँ । मैले दोस्रो विवाह गरेपछि जेठी श्रीमतीले अर्कोसँग नै विवाह गरी गईसकेकी छिन् । मेरो बुवा सुकमान घिसिङ्गले घरमा बन्दुक राखेकोले प्रहरीमा बुझाई दिनुपर्छ भन्दा निजले प्रायः जसो मादक पदार्थ सेवन गरेर म सँग झैझगडा गर्ने, गोली हानेर तँलाई मारिदिन्छु भनी डरत्रास देखाउने गर्दथे । यस्तैमा मिति २०६९।१२।१२ गतेका दिन विहान सबेरै काम विशेषले साँखुतिर गई काम सकेर घरमा फर्केको थिएँ । म आफ्नो घरमा पुग्नासाथ तल बुवाको घरबाट बुवा सुकमान घिसिङ्गले मलाई बोलाएकोले म बुवाको घरमा पुग्नासाथ घरको झ्यालबाट भरुवा बन्दुक तेर्साई तँलाई मारिदिन्छु भनेपछि वादविवाद भयो, त्यसपछि प्रहरी बोलाउँछु भनी फोन गर्न लाग्दा बुवा सुकमान घिसिङ्गले भरुवा बन्दुक बोकेर जङ्गलतर्फ भागेपछि मैले बुवालाई समात्नको लागि पछिपछि जाँदा बुवा झाडीमा लुकेर बसेका रहेछन्, निजलाई मैले देख्ने बित्तिकै म भएतिर बन्दुक ताकी मेरो शरीरमा प्रहार गरे म भुईमा ढलेपछि बुवा भागी हाले, म छटपटाउँदै गुहार-गुहार भन्दा वरपरका छिमेकी समेत भई श्रीमती आईपुगी मलाई उपचार गर्न मेडिकल कलेज लगी उक्त अस्पतालबाट वीर अस्पताल रिफर गरी हाल वीर अस्पतालको सर्जिकल वार्डको बेड नं ९० मा भर्ना भई उपचार गराईरहेको छु । मेरो शरीरको दाहिने तिघ्रा, पेट, छाती र दाहिने हातको नाडीमा गोलीका छर्रा लागेका छन् । हालसम्मको उपचार खर्च म स्वयंले व्यहोरिरहेको छु । यसरी मेरो बुवा सुकमान घिसिङ्गले मलाई मार्ने नियतले योजना बनाई घर नजिकैको जङ्गलमा घातक हतियार भरुवा बन्दुक प्रहार गरी ज्यान मार्न खोजेका हुन् । निज प्रतिवादी सुकमान घिसिङ्ग उपर कानून बमोजिम कडा कारवाही गरी पाऊँ भन्ने व्यहोराको घाईते सूर्य बहादुर घिसिङ्गले गरेको कागज ।

७. मेरो छोरा सूर्य बहादुर घिसिङ्ग र बुहारी जाहेरवाली रमिला घिसिङ्ग भिन्न भै छुट्टाछुट्टै बसेका छन् । म प्रायःजसो मादक पदार्थ सेवन गरी हामी श्रीमान्-श्रीमती झै-झगडा हुँदा छोराले आई-सम्झाउने गर्दथैं । करिब २ वर्ष अगाडि हालकी जाहेरवालीसँग छोराले दोस्रो विवाह गरेपछि घर परिवारमा प्रायजसो विवाद झगडा भई नै रहन्थ्यो । छोरा बुहारीसँग विवाद झगडा हुँदा मेरो घरमा पहिला मैले नै खरिद गरेको हतियार (भरुवा बन्दुक) हानीमार्छु भनी डरत्रास देखाउने गरेको थिए । मिति २०६९।१२।१२ गते विहान म साँखुतिर गई २ गिलास मादक पदार्थ सेवन गरेर आफ्नो घरमा जाँदा मेरो श्रीमती र छोरा बुहारीको वादविवाद भएको थाह पाएपछि मलाई नसाको सुरमा रिस उठेर पहिले नै खरिद गरी ल्याई राखेको घटना मिति भन्दा १०-१२ दिन अगाडि नै सलाईको बारुद र फलामको टुक्रा लोड गरेर राखेको भरुवा

बन्दुक निकालेर मैले मेरो छोरा सूर्यबहादुर घिसिङ्गलाई ताकी हान्न लाग्दा सूर्यबहादुर घिसिङ्गले प्रहरीलाई खबर गर्छु भन्दै फोन गर्न लागेकोले मैले भरुवा बन्दुक बोकेर घर नजिकै रहेको का.जि.सुनटोल-८ स्थित फेदी जङ्गलतर्फ भाग्दा जङ्गलको झाडीमा लुकेर बसी अन्दाजी ९:३० बजे निजलाई मारिदिन्छु भन्ने सोचेर बन्दुक ताकेर निजलाई प्रहार गरेको हो, निजलाई बन्दुकको छर्राले लागेपछि सूर्यबहादुर घिसिङ्ग भुइँमा ढलेर कराउन लागेपछि मैले बन्दुक सोही झाडीमा नै फालेर भागेको थिएँ, पछि प्रहरीले बन्दुक समेत फेला पारी लगेका रहेछन् । प्रायः जसो घरमा झैझगडा हुने गरेको र मैले उक्त दिन मादक पदार्थ सेवन गरेकोले नसाको सुरमा निज सूर्यबहादुर घिसिङ्गलाई भरुवा बन्दुक पड्काएर प्रहार गरेको हो, गल्ती गरियो भन्ने समेत व्यहोराको प्रतिवादी सुकमान घिसिङ्गले अधिकार प्राप्त अधिकारी समक्ष गरेको वयान कागज ।

८. मिति २०६९।१२।१२ गतेका दिन अं. ०९:३० बजेको समयमा म आफ्नै घरमा नै खेल्दै थिएँ, मेरो घर नजिकैको बुवा सुकमान घिसिङ्ग र दाजु सूर्य बहादुर घिसिङ्ग एक-आपसमा वादविवाद भएको थियो । मैले त्यति वास्ता पनि गरिन, एकैछिनमा घर नजिकै का.जि.सुनटोल-८ स्थित फेदी जङ्गलमा ड्याम्म गरेको आवाज सुनेर म समेत दौडेर जङ्गलमा जाँदा दाई सूर्यबहादुर घिसिङ्ग भुईमा रगताम्य भई लडी कराईरहेको देखेर मैले जाहेरवाली समेतलाई खबर गरिदिएपछि निजलाई उपचार गर्न अस्पताल लगेका हुन् । निज सूर्यबहादुर घिसिङ्गलाई निजको बुवा सुकमान घिसिङ्गले गोली हानी मार्न खोजेका रहेछन् भन्ने समेत व्यहोराको मंगल घिसिङ्गले गरेको कागज ।

९.मिति २०६९।१२।१२ गतेका दिन अं ०९:३० बजेको समयमा का.जि.सुनटोल गा.वि.स.वडान ं ८ स्थित फेदी जङ्गलमा सुकमान घिसिङ्गले आफ्नो छोरा सूर्यबहादुर घिसिङ्गलाई बन्दुक हानी घाईते बनाएको थाह पाई घटना सम्बन्धमा बुझ्दा उक्त मिति र समयमा प्रतिवादी सुकमान घिसिङ्गले आफ्नो छोरा सूर्य बहादुर घिसिङ्गसँग वादविवाद गरी घर नजिकैको जङ्गलमा लगी भरुवा बन्दुकले हानी ज्यान मार्न खोजेका रहेछन् । निज प्रतिवादी सूर्यमान घिसिङ्गले सूर्य बहादुर घिसिङ्गको ज्यान मार्ने योजनाबद्ध तवरबाट घातक हतियार भरुवा बन्दुकले हानी मार्न खोजेका रहेछन् । यसरी अवैध रुपमा हातहतियार राखी जङ्गलमा लगी ज्यान मार्न खोजेकाले निज प्रतिवादी उपर कानून बमोजिम कडा  कारवाही होस् भन्ने समेत व्यहोराको प्रायः एकै मिलानको बुझिएका विजय तामाङ्ग, पासाङ्ग तामाङ्ग र विनोद वाईबाले दफा-दफामा गरेको कागज ।

१०.मेरो बुवा सुकमान घिसिङ्गले मलाई भरुवा बन्दुकले हानी घाईते बनाई ज्यान मार्न खोजेका सम्बन्धमा मेरो उपचार गराउँदा हालसम्म जम्मा रु. २५,६५७- खर्च लागेको छ उक्त उपचार खर्च दिलाई भराई पाऊँ समेत व्यहोराको घाईते सूर्य बहादुर घिसिङ्गको निवेदन ।

११. यसमा मिसिल संलग्न घटनास्थल प्रकृति मुचुल्का, प्रहरी प्रतिवेदन, प्रतिवादी सुकमान घिसिङ्गको बयान, बुझिएका विजय तामाङ्ग र विनोद वाईबा समेतले गरेको कागज समेतका तथ्य प्रमाणहरुबाट यी प्रतिवादी सुकमान घिसिङ्गले अवैध हतियार आफ्नो साथमा राखी हातहतियार खरखजाना अर्न्तगतको कसूर गरेको पुष्टि हुन आएकाले निजलाई हातहतियार खरखजाना ऐन, २०१९ (दोस्रो संशोधन, २०६४ सहित) को दफा ३(२) बमोजिमको कसुरमा सोही ऐनको दफा २०(२)र दफा २४ (क) बमोजिम सजाँय गरी पाँउ भन्ने व्यहोराको अभियोग माग दावी ।

१२. मुचुल्कामा उल्लेखित भरुवा बन्दुक मेरो हो, उक्त हतियारको लाइसेन्स छैन, वरामदी मुचुल्कामा उल्लेखित स्थानमा वरामद भएको हो, बँदेलले वाली नाश गर्न लागेको हुँदा वदेल मार्नको लागि उक्त हतियार राखेको थिएँ, उक्त मिति २०६९।१२।१२ गते विहान ९.३० बजेको समयमा मेरो छोरा सूर्य घिसिङले मलाई पिट्न आएको अवस्थामा उक्त हतियार लिएर म भाग्न लाग्दा म लडेकोले मेरो साथमा रहेको हतियार पड्किएर छोरा सूर्य घिसिङलाई छर्रा लागेको हो, मलाई सोही हतियार सहित

प्रहरीले पक्राउ गरेको हो, मलाई अभियोग दावी बमोजिम सजाँय हुनु पर्ने होइन भन्ने समेत व्यहोराको प्रतिवादी सुकमान घिसिङ्गले यस कार्यालयमा गरेको वयान ।

१३. वरामदी मुचुल्का समेतका कागजातहरु र प्रतिवादी सुकमान घिसिङले विना इजाजत हातहतियार खरखजाना (भरुवा बन्दुक ) वदेल मार्नका लागि घरमा राखेको, भाग्न लाग्दा लडि पड्कीएको हुदा छर्राले छोरा सूर्य घिसिङलाई लाग्न गएको भनी यस कार्यालय समेतमा स्वीकारी बयान गरेकाले पछि थप प्रमाण बुझी फैसला हुँदा ठहरे बमोजिम हुने गरी हाललाई हातहतियार खरखजाना ऐन, २०१९ को दफा २४ क बमोजिम प्रस्तुत मुद्दाको पूर्पक्षको निम्ति थुनामा राखी कारवाही अगाडी बढाउनु भन्ने समेत व्यहोराको यस कार्यालयको मिति २०७०/०१/२९ को आदेश बमोजिम निज प्रतिवादी मुद्दा पूर्पक्षका लागि थुनामा बसेका रहेछन् ।

१४. निज प्रतिवादी सुकमान घिसिङले आफ्नै छोरा सूर्य घिसिङलाई मिति २०६९।१२।१२ गते विहान ९.३० बजे का.जि.सुनटोल-८ स्थित फेदी जंगलमा गोली प्रहार गरी घाइते वनाएको भन्ने जानकारी प्राप्त भएकोले प्र.ना.नि. दिपक थापाको कमाण्डमा म समेतको प्रहरी टोली घटनास्थल पुगी वारदातमा प्रयोग भएको प्रतिवादी सुकमान घिसिङको अवैध भरुवा बन्दुक ४ फिट ५ इन्चको १ थान फेला पारी रीतपूर्वक वरामद गरी प्रतिवेदनसाथ दाखिला गरएको हो, मिसिल सलग्न मिति २०६९।१२।१२ को वरामदी मुचुल्कामा भएको सहीछाप र व्यहोरा मेरो हो भन्ने समेत व्यहोराको प्रतिवेदक प्रहरी नवराज फुयालले यस कार्यालयमा गरेको वकपत्र ।

१५. प्रतिवादी सुकमान घिसिङले आफ्नै छोरा सूर्य घिसिङलाई मिति २०६९।१२।१२ गते घर नजिक जंगलमा गोली प्रहार गरी घाइते वनाएको भन्ने जानकारी प्राप्त भएकोले मेरो कमाण्डमा गएको प्रहरी टोली घटनास्थल पुगी वारदातमा प्रयोग भएको प्रतिवादी सुकमान घिसिङको अवैध भरुवा बन्दुक ४ फिट ५ इन्चको १ थान फेला पारी रीतपूर्वक वरामद गरी प्रतिवेदनसाथ दाखिला गरएको हो, मिसिल सलग्न मिति २०६९।१२।१२ को वरामदी मुचुल्कामा भएको सहीछाप र व्यहोरा मेरो हो भन्ने समेत व्यहोराको प्रतिवेदक प्रहरी दिपक थापाले यस कार्यालयमा गरेको वकपत्र ।

## ठहर

१६. नियम बमोजिम पेशी सूचिमा चढी निर्णयार्थ पेश हुन आएको प्रस्तुत मुद्दामा मिति २०६९।१२।१२ गतेका दिन काठमाण्डौं जिल्ला, सुनटोल गा.वि.स. वडा नं. ८ स्थित जंगलमा प्रतिवादी सुकमान घिसिङ्गले छोरा सूर्य घिसिङ्गलाई भरुवा बन्दुकले हानी घाइते वनाएकोले निज सुकमान घिसिङ्गले विना इजाजत भरुवा बन्दुक घरमा राखी **हातहतियार खरखजाना ऐन,** २०१९ को दफा ३(२) बमोजिमको कसूर गरेको हुँदा निजलाई ऐ. दफा २० (२) बमोजिम सजाँय गरी पाउँ भन्ने समेत व्यहोराको अभियोग माग दावी रहेछ ।

१७. यसमा प्रतिवादी सुकमान घिसिङ्गले अभियोग मागदावी वमोजिम कसूर गरेका हुन होइनन्, गरेका भए निजहरुलाई के कस्तो सजाँय हुनु पर्ने हो भन्ने सम्वन्धमा निर्णय दिनु पर्ने देखिन आएको छ ।

१८. मिसिल संलग्न कागजातरु अध्ययन गरी अव निर्णय तर्फ विचार गर्दा मिति २०६९।१२।१२ गतेका दिन काठमाण्डौं जिल्ला, सुनटोल गा.वि.स.,वडा नं.८ स्थित जंगलमा प्रतिवादी सुकमान घिसिङ्गले छोरा सूर्य घिसिङ्गलाई ताकेर हानेको भरुवा बन्दुक थान १ फेला परेको भन्ने चार किल्ला सहितको घटनाविवरण मुचुल्का संलग्न रहेछ ।

१९. अनुसन्धानका क्रममा वन्यजन्तुले खेतीवाली खाई दिने गरेकोले १५/२० वर्ष अगाडि रु ७००।- मा भरुवा बन्दुक किनेर ल्याएको र पहिले केही दिन अगाडि छोराले परिवारमा वादविवाद गरेकोले उल्लेखित मितिमा बन्दुक देखाई छोरालाई तर्साउन खोज्दा छोराले प्रहरीलाई खवर गर्न लागेको र म बन्दुक लिएर जंगलतिर

भाग्न लाग्दा छोरा पनि मेरो पछि पछि आएकोले निजलाई उक्त भरुवा बन्दुकले प्रहार गरी घाइते वनाएको हो भनी वयान गरेका । यस कार्यालयमा गरेको वयानमा जंगली जनावर बँदेलले वालीनाली नाश गर्ने गरेकोले बँदेल मार्नको लागि उक्त हतियार घरमा राखेको र हो र उल्लेखित मितिमा छोरा सूर्य घिसिङ्गले मलाई पिट्न आएकोले हतियार लिएर भाग्न लाग्दा म लडेकोले हतियार समेत पड्किएर छोरालाई लागेको भनी वयान गरी जुनसुकै उद्देश्यले भए पनि विना इजाजत हातहतियार आफ्नो साथ स्वामित्वमा राखेको तथ्यलाई स्वीकार गरेका रहेछन् ।

२०. यसै वारदातबाट उठान भएको ज्यान मार्ने उद्योग मुद्दामा काठमाण्डौं जिल्ला अदालतमा दायर भएको भन्ने अभियोग-पत्रमा उल्लेख भएको र सो मुद्दामा आफुलाई ५ (पाँच ) वर्ष कैद ठहऱ्याउने गरी काठमाण्डौं जिल्ला अदालतबाट भएको फैसला पुनरावेदन अदालत पाटनबाट सदर भएको भनी प्रतिवादीले आज यस इजलाशमा बहस/छलफलको क्रममा खुलाएका छन् ।

२१. अतः घटनास्थल प्रकृति मुचुल्का, प्रतिवादीले अनुसन्धानको क्रममा र यस कार्यालयमा गरेको साविती वयान, वादीका साक्षीले यस कार्यालयमा गरेको वकपत्र समेतका आधारमा प्रतिवादीले विना लाइसेन्स हतियार आफुसँग राखेको तथ्य स्थापित हुन आएकोले प्रतिवादी सुकमान घिसिङ्गले हातहतियार खरखजना ऐन, २०१९को दफा ३(२) बमोजिमको कसूर गरेको ठहर्छ । सो ठहर्नाले सँजाय तर्फ विचार गर्दा निजले उक्त हतियार प्रयोग गरी अन्य आपराधिक कार्य समेत गरेको देखिएको अवस्थालाई ध्यानमा राखी निजलाई ऐ ऐनको दफा २०(२) बमोजिम ४(चार ) वर्ष कैद हुन्छ । वरामद भई आएको भरुवा बन्दुक ऐ. दफा १६ बमोजिम जफत हुन्छ । अरुमा तपसील बमोजिम गर्ने गरी प्रस्तुत मुद्दा मु.ऐ.अ.बं.१८६ नं. बमोजिम फैसला गरी दिएँ ।

**<u>तपसील</u>**

प्रतिवादी सुकमान घिसिङ के माथि ईन्साफ खण्डमा लेखिए बमोजिम निजलाई ४(चार ) वर्ष कैद हुने ठहरेको हुदा निज अनुसन्धानको क्रममा २०६९।१२।१४ बाट हिरासतमा बसी मुद्दा पूपर्क्षका लागि हालसम्म थुनामा नै रहेको देखिंदा निजलाई पक्राउ परेको मिति देखि लागू हुने गरी कैदी पूर्जी र प्रस्तुत इन्साफमा चित्त नबुझे ७०(सत्तरी) दिन भित्र पुनरावेदन अदालत पाटनमा पुनरावेदन गर्न जानु भनी पुनरावेदन म्याद दिनु.......................................................................................................१

वरामद हातहतियार खरखजाना जफत हुने ठहरेकोले नियमानुसार आम्दानी बाँधी यस कार्यालयमा जानकारी दिन सम्बन्धित प्रहरी कार्यालयमा लेखि पठाउनु.................................................२

जिल्ला सरकारी वकिल कार्यालय, काठमाण्डौलाई प्रस्तुत फैसलाको जानकारी दिनू .......................३

सरोकारवालाले फैसला र मिसिल संलग्न कागजातको नक्कल माग्न आए कानून बमोजिम नक्कल दिनू......४

प्रस्तुत मुद्दाको दायरीको लगत कट्टा गरी म्यादमा पुनरावेदन परे मिसिल श्री पुनरावेदन अदालत पाटनमा पठाई दिनू र नपरे नियमानुसार गरी अभिलेख राख्नू ..............................................५

श्रीमान् प्र.जि.अ.ज्यूले टिपाउनु भए बमोजिम टिपी
कम्प्युटर टाइप गर्ने ना.सु.परशुराम थापा/ ना.सु.भुवराज घिमिरे

..................................
( एकनारायण अर्याल )
प्रमख जिल्ला अधिकारी

प्रशासकीय अधिकृत : कृष्ण गैह्रे

इति सम्बत् २०७१ साल माघ २६ गते रोज २ शुभम् .......................